त्रिभुवन विश्वविद्यालय
# भक्तपुर बहुमुखी क्याम्पस
दूधपाटी-१, भक्तपुर, नेपाल

६-६१०२०० (प्रशासन)
६-६१३१९९ (लेखा)
६-६१६६५२ (वि.वि.ए.)
६-६१९००८ (वि एस्सी सि एस आई टि)

## सूचना प्रकाशित मिति : २०८३।०४।२५

पत्र संख्या :-
च.नं.:-

### BCA कार्यक्रम निर्देशक छनोट तथा सिफारिस सम्वन्धी सूचना ।

उपयुक्त सम्वन्धमा यस क्याम्पसमा रिक्त रहेको **BCA** कार्यक्रमको निर्देशक पद १(एक) को लागि त्रिभुवन विश्वविद्यालय आन्तरिक स्रोतबाट सञ्चालित विशेष शैक्षिक कार्यक्रम सञ्चालन सम्वन्धी **विनियम २०८० को परिच्छेद ४ को ८ (३)** र **साबधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्वन्धी बिनियम २०८१ को परिच्छेद -२४** मा व्यवस्था भए अनुसार योग्य उमेदबार छनोट तथा सिफारिस गर्न यस क्याम्पसमा सम्वन्धित कार्यक्रममा प्राध्यापनरत योग्यता पुगेका ईच्छुक स्थायी, करार शिक्षकहरुले **मिति २०८३।०५।०१ गते सोमबारसम्म** कार्यालय समय भित्र र अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको सम्पूर्ण कागजातहरु संलग्न गरी यस क्याम्पसको प्रशासन शाखा (कोठा नं ५ प्रशासनिक भवनमा) दर्खास्त पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**उम्मेदबारको आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

(क) हस्ताक्षर सहितको निवेदन ।

(ख) मान्यता प्राप्त विश्वविद्यालयवाट कार्यक्रम सम्वद्ध विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको प्रमाण पत्रको प्रतिलिपी ।

(ग) नियुक्तिको स्पष्ट मिति खुलेको न्यूनतम २ वर्ष सम्वन्धित क्याम्पस /विभागमा पूर्णकालिन प्राध्यापन गरेको अनुभव पत्र ।

(घ) सम्वन्धित कार्यक्रमको उन्नयन तथा उत्थानका लागि १००० देखि ३००० शव्द सम्मको रणनीतिक कार्य योजना ।

(ङ) व्यक्तिगत बिबरण (वायोडाटा), तथा नियुक्ति पत्रको प्रतिलिपिहरु ।

(च) सम्वन्धित विषयको प्रकाशित कृति तथा अन्य अनुसन्धान मुलक कार्यहरु सम्पन्न गरेको भए सो को प्रतिलिपीहरु ।

(छ) सम्वन्धित विषयको कार्यक्रम व्यवस्थापन तथा सुधार सम्वन्धि सभा / सम्मेलन र गोष्ठीमा सहभागी भएको भए सो को प्रमाणित गर्ने कागजात पत्र / प्रमाणपत्र / प्रस्तुत कार्यपत्र / प्रकाशित प्रतिवेदन भए सो को प्रतिलिपि ।

(ज) विश्वविद्यालयका सम्वन्धित अध्ययन संस्थान वा संकाय संग स्वार्थ नबाझिने गरी निजी शैक्षिक संस्थाहरुमा सम्वन्धित व्यक्तिको लगानी नभएको नगरेको स्वघोषणा गरेको पत्र ।

संयोजक
कार्यक्रम निर्देशक छनोट समिति

CamScanner